म.प.बै.सं. १३/०८३

संवत् २०८३ साल साउन १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश वन निर्देशनालय, जनकपुरधामका प्रदेश वन निर्देशक श्री जगन्नाथ प्रसाद जयसवाललाई मिति २०८३।०४।१७ देखि लागू हुने गरी अनिवार्य अवकाश स्वीकृत गर्ने।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश नीति तथा योजना आयोगको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणका लागि पूर्वस्वीकृति दिने।
३. अर्थ मन्त्रालयः संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने।

म.प.बै.सं. १४/०८३

संवत् २०८३ साल साउन १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः शान्ति सुरक्षा तथा सद्भावना कायम राख्ने विषयमा प्रेस विज्ञप्ति जारी गर्ने।

म.प.बै.सं. १५/०८३

संवत् २०८३ साल साउन १९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको (नमूना कानुन) मस्यौदा तर्जुमा समिति गठन गर्ने।

२. ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयः मधेश प्रदेश सरकार अन्तर्गतका सिँचाइ आयोजनाहरूका लागि भारत सरकारसँग सहयोग अनुरोध गर्ने र योजना कार्यान्वयन प्रस्ताव पुनः स्वीकृत गरी नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयः रामजानकी बहुउद्देशीय रङ्गशाला निर्माणका लागि आवश्यक पर्ने बजेट भारत सरकारसंग माग गर्न नेपाल सरकारलाई पुनः अनुरोध गर्ने।

४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल, जनकपुरधाममा कार्यरत मेडिकल अधिकृत डा. पिंकी कुमारी साहको असाधारण बिदा स्वीकृत गर्ने।

५. मधेश प्रदेशभित्रका विभिन्न समुदायहरूबीच पारस्परिक सम्मान, धार्मिक सहिष्णुता र सामाजिक एकता कायम राख्न तथा सम्भावित द्वन्द्वलाई निरुत्साहित गरी दिगो शान्ति प्रवर्द्धन गर्ने उद्देश्यले गठन गरिने प्रदेशस्तरीय सद्भाव संयन्त्रको उच्चस्तरीय अभिभावकत्व तथा नेतृत्व ग्रहण गरिदिन प्रदेश प्रमुखसमक्ष अनुरोध गर्ने।

म.प.बै.सं. १६/०८३

## संवत् २०८३ साल साउन २९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३ स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः प्रदेश निजामती कर्मचारीहरूको नयाँ तलबमान, ग्रेड दर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः 'कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः स्थानीय सेवाका कर्मचारीको नयाँ तलबमान तोक्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः **'Climatic Adaptation Investment Planning for Climatic Resilient Value Chains for Food System Transformation in Madhesh Province, Nepal'** सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न स्वीकृति प्रदान गर्ने।

६. प्रदेश सरकार र अन्य सार्वजनिक निकायमा प्रयोग भइरहेका सरकारी सवारीसाधनको व्यवस्थापन (खरिद, सञ्चालन, मर्मत र रेखदेख) सम्बन्धी मापदण्ड तर्जुमा गर्न श्रम तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने र उक्त समितिले १५ दिनभित्र मापदण्ड तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

७. मिथिला क्षेत्रका वरिष्ठ साहित्यकार, भाषाविद् तथा समालोचक प्राज्ञ प्रा. डा. राजेन्द्र बिमलको असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्न मिति २०८३।०५।०५ गते मधेश प्रदेश अन्तर्गतका सबै मन्त्रालय तथा निकायमा बिहान ९:०० बजे १ मिनेट मौन धारण गर्ने।